ain

# अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सङ्घ एआइएनद्वारा आफ्ना सदस्य संस्थाहरूका लागि जारी गरिएको प्रेस आचारसंहिता

हामी प्रेसलाई मुलुकको विकास कार्यका लागि महत्वपूर्ण एवम् जिम्मेवार साझेदारका रुपमा स्वीकार गर्दछौं र सोही भावनाअनुरुप प्रेससँग सहकार्य गर्नेछौं ।

हामी प्रेसको व्यावसायिक इमानदारिता र सम्पादकीय एवम् प्रेस स्वतन्त्रतालाई जुनसुकै समय र अवस्थामा पनि सम्मान गर्नेछौं ।

परस्पर विश्वास र जिम्मेवारीको मान्यतामा आधारित भएर हामी प्रेससँग प्रभावकारी, स्वस्थ र खुला सम्बन्ध कायम गर्नेछौं ।

विकासबारे सार्थक बहस निर्माण गरी प्रवर्द्धन गर्न, गरिब र सीमान्तकृतहरुको आवाजलाई मुखरित गर्न र मुलुकको विकासलाई राष्ट्रिय प्राथमिकताको मुद्दा बनाउन हामी प्रेससँग सम्वाद र सहकार्य गर्नेछौं । यस उद्देश्य प्राप्तिका लागि हामी प्रेससँग कार्यगत सम्बन्ध कायम गरी हामीसँग भएका सूचना, विशेषज्ञता र फिल्डलगायत सबै तहका सम्पर्क उपलब्ध गराउने छौं ।

हामी कुनै पनि पत्रकारले आफ्नो प्रकाशन गृहका लागि गरेको कुनै पनि प्रकारको रिपोटिङ्ग वा लेखका लागि पारिश्रमिक वा अन्य कुनै प्रकारको लाभ प्रदान गर्ने छैनौं । यद्यपि विकास, मानवीय, मानव अधिकार र शान्ति निमार्णका मुद्दाहरु रिपोटिङ्ग गर्न स्रोत र क्षमता अभिवृद्धि गर्न आवश्यक भएमा सोका लागि मिडिया गृहसँग सहकार्य गर्न सकिने छ । यस्तो साझेदारी एआइएन सदस्य र सम्बद्ध मिडिया गृहको परस्पर समझदारी र सहमतिमा पारदर्शी रुपमा गरिने छ ।

स्थानीय तहमा हामी स्थानीय पत्रकारलाई प्राथमिकता दिनेछौं ।

हामी कुनै पनि प्रकारको दलगत राजनीति, राजनीतिक अवधारणा र सिद्धान्तप्रति तटस्थ रहने छौं ।

ain

# AIN Code of Conduct for Working with the Press

We acknowledge the Press as a crucial and responsible development partner and shall seek to engage and collaborate with it in the spirit thereof.

We shall respect the professional integrity, editorial independence and freedom of the Press at all times and in all circumstances.

We shall seek to promote an effective, healthy and open relationship with the Press, built on the foundation of mutual trust and shared responsibility.

We shall engage, cooperate and collaborate with the Press to create and sustain a genuine discourse on development, to bring the voices of the poor and marginalized people to the fore, and prioritize development in the national agenda. To that end, we will have working relationship with the press for accessing information, expertise and contacts at all levels, including field operation.

We will not provide remuneration in any form whatsoever to journalists for writing/reporting any kind of journalistic piece that is performed as part of their job. However, we can work in partnership with media houses to provide logistical and capacity-building support to journalists to report on development, humanitarian, human rights and peace-building issues if deemed necessary. Any such arrangement shall be mutually agreed by AIN member and media house/entity concerned and shall be undertaken in transparent manner.

At the local level, we shall prioritize collaborating with local journalists.

We shall remain neutral to partisan politics and political ideology.